# हरिनगर गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
हरिनगरा, सुनसरी
कोशी प्रदेश नेपाल

प.स. २०८२/०८३
च.नं.

मिति:२०८२/०९/०२
ने.सं. ११४६

**विषय: गणक आवश्यकता सम्बन्धी सूचना।**

प्रस्तुत विषयमा कोशी प्रदेश सरकार, खानेपानी सिँचाइ तथा उर्जा मन्त्रालय एस.एन.भी तथा यस हरिनगर गाउँपालिका बीच भएको त्रिपक्षीय साझेदारी अनुसार एन-वास एम.आइ.एस. (N-WASH MIS) एप्लीकेशन मार्फत जलवायु उत्थानशील खानेपानी सरसफाइ तथा स्वच्छता योजना (CR-WASH Plan) तयारी गर्नका लागि सामाजिक गणक आवश्यकता परेकाले इच्छुक व्यक्तिहरुबाट दरखास्त आव्हान गरिएको छ।

**माग गरिएको पद:-**

क. सामाजिक गणक (Social Enumerator)- ७ जना प्रत्येक वडाको लागि १ जनाको दरले

१. आवश्यक योग्यता:-

- एस.इ.इ. (S.E.E) उत्तीर्ण भएको
- खानेपानी सरसफाई तथा स्वच्छता सम्बन्धी अनुभव भएको।
- N-WASH MIS एप्लिकेशन वा यस्तै मोवाइल एप प्रयोग गरी तथ्याङ्क सङ्कलन गरेको अनुभव भएको।
- एन्ड्रोइड मोवाइल फोन मार्फत तथ्याङ्क सङ्कलन गरिने भएकोले एन्ड्रोइड फोन भएको।
- फिल्डमा हिडडुल गर्न सक्ने
- स्थानीय क्षेत्र गाउँपालिकाको वासिन्दालाई विशेष ग्राह्यता दिइनेछ।

२. निवेदन साथ पेश गर्नुपर्ने कागजातहरु:-

- व्यक्तिगत विवरण (Curriculum Vitae)
- शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि
- नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
- अनुभवको प्रमाण पत्र (भएमा)

३. दरखास्त बुझाउने स्थान र समय:-

माथिको योग्यता पुगेको इच्छुक नेपाली नागरिकले यो सूचना प्रकाशित भएको मितिबाट १५ दिनभित्र गाउँपालिकाको कार्यालयमा दरखास्त दर्ता गराउनु पर्नेछ। रीत नपुगी आएको दरखास्त उपर कुनै पनि कारवाही गरिने छैन्। उम्मेद्वारको अन्तिम छनौट गर्ने नगर्ने अधिकार गाउँपालिकामा निहित रहनेछ।

४. छनौट प्रक्रिया:-

उम्मेद्वारको अन्तिम छनौट योग्यताको मूल्याङ्कन तथा अन्तर्वार्ता मार्फत गरिनेछ।
थप जानकारीका लागि गाउँपालिकाको कर्मचारी श्री प्रविन विष्ट (मोवाइल नं. ९८६५६०५३८२) सँग सम्पर्क गर्न सकिनेछ।

..................
सुशील कुमार ठाकुर
(संयोजक)

Email id.: harinagargapa@gmail.com, ito.harinagaramun@gmail.com, website: www.harinagarmun.gov.np

CamScanner